सनराइज बैंक लिमिटेड

# SUNRISE BANK LIMITED


Class "A" Institution Licensed by Nepal Rastra Bank
Gairidhara Crossing, Kathmandu, Nepal
Tel: 4004560/62, Fax: 4422475 SWIFT: SRBLNPKA URL: www.sunrisebank.com.np


# Unaudited Financial Results (Quarterly)

## As at First Quarter Ended 30 Ashoj of the Fiscal Year 2072/73

Rs. In'000

| S.N. | Particulars | This Quarter Ended | Previous Quarter Ended | Corresponding Previous Year Quarter Ended |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **39,687,767** | **37,388,814** | **31,205,303** |
| 1.1 | Paid-up Capital* | 2,989,283 | 2,972,656 | 2,349,428 |
| 1.2 | Reserves and Surplus | 548,728 | 375,317 | 556,293 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | - | - | - |
| **1.5** | **Deposits (a+b)** | **35,263,661** | **33,486,669** | **27,724,468** |
| | a. Domestic Currency | 34,323,429 | 32,641,339 | 26,799,009 |
| | b. Foreign Currency | 940,232 | 845,330 | 925,459 |
| 1.6 | Income Tax Liabilities | 50,486 | - | 40,877 |
| 1.7 | Other Liabilities | 835,609 | 554,172 | 534,237 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **39,687,767** | **37,388,814** | **31,205,303** |
| 2.1 | Cash & Bank Balance | 5,373,488 | 3,058,107 | 3,474,332 |
| 2.2 | Money at Call and Short Notice | 100,000 | - | 100,000 |
| 2.3 | Investments | 5,201,994 | 7,259,794 | 5,419,493 |
| **2.4** | **Loans & Advances (Net)** | **28,199,694** | **26,380,083** | **21,430,249** |
| | **a. Real Estate Loan** | **1,930,304** | **1,961,248** | **1,982,455** |
| | 1. Residential Real Estate Loan(Except Personal Home Loan upto Rs 10 mil) | 248,495 | 221,122 | 220,841 |
| | 2. Business Complex & Residential Apartment Construction Loan | 1,073,390 | 1,173,816 | 1,150,044 |
| | 3. Income generating Commercial Complex Loan | - | - | - |
| | 4. Other Real Estate Loan (Including Land Purchase & Plotting) | 608,419 | 566,310 | 611,570 |
| | b. Personal Home Loan of Rs. 10 mil or less | 2,704,075 | 2,439,557 | 1,839,839 |
| | c. Margin Type Loan | 853,397 | 477,845 | 141,715 |
| | d. Term Loan | 2,764,496 | 2,498,321 | 2,053,090 |
| | e. Overdraft Loan / TR Loan / WC Loan | 15,196,065 | 14,752,784 | 12,209,444 |
| | f. Others | 4,751,357 | 4,250,328 | 3,203,706 |
| 2.5 | Fixed Assets (Net) | 304,890 | 309,656 | 286,768 |
| 2.6 | Non Banking Assets (Net) | - | - | - |
| 2.7 | Other Assets | 507,701 | 381,174 | 494,461 |
| **3** | **PROFIT & LOSS ACCOUNT** | **Upto This Quarter** | **Upto Previous Quarter** | **Upto Corresponding Previous Year Quarter** |
| 3.1 | Interest Income | 689,738 | 2,402,657 | 541,987 |
| 3.2 | Interest Expense | 409,073 | 1,296,357 | 306,461 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **280,665** | **1,106,300** | **235,526** |
| 3.3 | Fees Commission & Discount | 31,348 | 119,378 | 32,861 |
| 3.4 | Other Operating Income | 48,248 | 187,273 | 37,765 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | 28,354 | 80,316 | 17,088 |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **388,615** | **1,493,267** | **323,240** |
| 3.6 | Staff Expenses | 89,063 | 271,911 | 71,952 |
| 3.7 | Other Operating Expenses | 84,910 | 356,471 | 87,957 |
| **C** | **Operating Profit Before Provision (B-3.6-3.7)** | **214,642** | **864,885** | **163,331** |
| 3.8 | Provision for Possible Loss | 55,736 | 458,810 | 22,573 |
| **D** | **Operating Profit (C-3.8)** | **158,906** | **406,075** | **140,758** |
| 3.9 | Non Operating Income/Expenses (Net) | (31) | 2,823 | (288) |
| 3.10 | Write Back of Provision for Possible Loss | 34,858 | 417,134 | 9,415 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **193,733** | **826,032** | **149,885** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | (8,616) | (92,468) | - |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **185,117** | **733,564** | **149,885** |
| 3.12 | Provision for Staff Bonus | 16,829 | 66,688 | 13,626 |
| 3.13 | Provision for Tax | 50,486 | 196,020 | 41,233 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **117,802** | **470,856** | **95,026** |
| **4** | **RATIOS** | **For This Quarter** | **For Previous Quarter** | **For Corresponding Previous Year Quarter** |
| 4.1 | Capital Fund to RWA | 10.77% | 11.11% | 11.57% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 2.69% | 2.90% | 4.65% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 130.82% | 127.44% | 100.43% |
| 4.4 | Cost of Funds (Local Currency) | 5.09% | 5.15% | 4.82% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 77.32% | 76.24% | 75.75% |
| 4.6 | Base Rate | 7.99% | 8.36% | 8.30% |
| 4.7 | Interest Spread (As per NRB Circular) | 4.00% | 4.30% | 4.75% |
| **Additional Information (Optional)** | | | | |
| | Average Yield (Local Currency) | 8.78% | 9.14% | 9.45% |
| | Return on Equity | 13.32% | 14.00% | 13.08% |
| | Return on Assets | 1.19% | 1.26% | 1.22% |

Note: Figures may change subject to instructions, if any, from statutory/regulatory authorities.
Figures are regrouped/rearranged wherever necessary.
Loans and Advances & Non Banking Assets are shown net of loan loss provisions, whereas Fixed Assets are shown net off Depreciation.
* Share Capital Includes Proposed Bonus Share of 21.50% decleared for FY 2071-72 approved by 8th AGM convened on 16th November 2015.

## (अनुसुची १४)

## (धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को नियम २२ को उपनियम (२) सँग सम्बन्धित)

आ.व.२०७२/७३ को पहिलो त्रैमासिक प्रतिवेदन

### १. वित्तीय विवरण

(क) पहिलो त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण । यस बैंकको आ.व. २०७२/७३ को पहिलो त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

**ख) प्रमुख वित्तीय अनुपातहरु:**

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी | १५.७६ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | १,३२७.६७ |
| मूल्य आम्दानी अनुपात | ३२.९३ | तरलता अनुपात | २८.९३ |
| प्रतिशेयर नेटवर्थ | ११९.१४ | | |

### २. व्यवस्थापकीय विश्लेषण

(क) बैंकको वित्तीय स्थिति सुदृढ रहेको छ । समिक्षा अवधिमा बैकको निक्षेप, कर्जा, लगानी तथा नाफामा उल्लेखनीय वृद्धि भएको छ । बैंकको तरलता अनुपात लगायत मौज्दात र आम्दानी सन्तोषजनक रहेको छ ।

(ख) विगतमा झैं आगामी अवधिमा पनि मानव संशाधनको उचित विकास, शेयरधनी महानुभावहरुलाई उचित लाभांश, गुणस्तरीय सेवा बृद्धि गर्ने सरोकारवालाहरुको हितको पनि संरक्षण गर्दै जाने र साथै समय सापेक्ष व्यवसायिक योजनाको तर्जुमा तथा कार्यान्वयन गर्ने, लगानीका नयाँ क्षेत्रहरुको खोजी गर्ने, अन्तराष्ट्रिय बजारका कार्यविधिहरुलाई अवलोकन गर्ने, व्यवसायिक विविधीकरण तथा ग्राहकको चाहना बमोजिम आधुनिक बैकिङ्ग तथा वित्तीय सेवा तथा सुविधाहरु उपलब्ध गराउने जस्ता कार्यहरुमा बैंक प्रतिवद्ध रहेको छ ।

(ग) निष्कृय कर्जा अनुपातलाई घटाउन तर्फ बैंकको निष्कृय कर्जा व्यवस्थापन विभाग सक्रिय रहेको छ ।

### ३. कानूनी कारवाही सम्बन्धी विवरण

(क) त्रैमासिक अवधिमा बैंकले वा बैंकको विरुद्ध बैंकिङ्ग व्यवसायसँग सम्बन्धित कर्जा र कर्जा असुली प्रक्रियासँग सम्बन्धित प्रकृतीका बाहेक अन्य मुद्दा दायर नभएको ।

(ख) बैंकको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको जानकारीमा नआएको ।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारीमा नआएको ।

### ४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण

(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबारको सम्बन्धमा व्यवस्थापनको धारणा:

- नेपाल धितोपत्र बोर्डको रेखदेखमा धितोपत्रबजारमा खुल्ला बजारले निर्धारण गरे अनुरुप कारोबार हुने हुँदा बैंक व्यवस्थापन तटस्थ छ ।

(ख) यस अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या:

- मिति २०७२/०४/०१ देखि मिति २०७२/०६/३० सम्मको अवधिमा शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कूल दिन तथा कारोबार संख्याको विवरण (धितोपत्र बजार लिमिटेडको वेभसाइट अनुसार) देहाय बमोजिम रहेको छ:

| | |
|---|---|
| अधिकतम मूल्य | रु. ५६०.०० |
| न्यूनतम मूल्य | रु. ४११.०० |
| अन्तिम मूल्य | रु. ५१९.०० |
| कारोवार भएको कूल दिन | ५६ दिन |
| कारोवार संख्या | ७,६८,३३६ कित्ता |

### ५. समस्या तथा चुनौतिहरु

**(१) आन्तरिक समस्या र चुनौती :**

(क) बढदो प्रतिस्पर्धाका कारण दक्ष जनशक्तिको अभाव
(ख) बढ्दो मुद्रास्फितिका कारण संचालन खर्चमा बृद्धि
(ग) खुद ब्याजदर अन्तर संतुलन गर्ने चुनौती

**(२) वाह्य चुनौतीहरु :**

(क) अस्थिर आर्थिक तथा राजनैतिक वातावरण
(ख) बजारमा निष्क्रिय कर्जा अनुपातमा देखिएको वृद्धि र सोलाई व्यवस्थित गर्ने चुनौती
(ग) संकुचित बजार
(घ) खस्कदो जोखिम वातावरण
(ङ) वित्तीय संस्थाहरुबीच देखिएको तिब्र प्रतिस्पर्धा

**रणनीति**

बैंकले आफ्नो कार्यक्षमता बृद्धि गरी स्तरीय सेवा प्रदान गर्नको लागि कर्मचारीलाई आवश्यक तालीम दिने तथा निजहरुलाई बैंक प्रति आवद्ध राख्नको लागि यथोचित नीति अवलम्बन गरेको छ ।संचालन खर्चलाई न्यूनीकरण गर्ने तर्फ पनि बैंक सजग छ । अस्थिर आर्थिक तथा राजनैतिक कारणले लगानीका अवसरहरु कम हुँदै गईरहेको तर्फ बैंक सजग छ र यसलाई सुक्ष्म रुपमा अध्ययन गरी सो को प्रभाव न्युनीकरण गर्दै लैजाने नीति बैंकले लिएको छ । आय आर्जन गर्ने नयाँ क्षेत्रहरुको विस्तार गर्दै निक्षेप तथा कर्जालाई विविधिकरण गर्दै लैजाने तर्फ बैंक प्रतिबद्ध छ । प्रतिस्पर्धात्मक वातावरणमा यस बैंकको पहिचान उच्च राख्नको लागि अझ बढी ग्राहकमुखी सेवा र सुविधा प्रदान गर्नुको साथै आधुनिक बैंकिङ्ग तथा वित्तीय सेवा तथा सुविधाहरु प्रदान गर्ने नीति यस बैंकले लिएको छ ।

### ६. संस्थागत सुशासन

संस्थागत सुशासन कायम राख्ने सम्बन्धमा बैंकले दरो नीति अपनाएको छ । नेपाल राष्ट्र बैंकले जारी गरेको संस्थागत सुशासन सम्बन्धी एकिकृत निर्देशन २०७२ बैंकले पूर्ण पालना गर्दै आएको छ र निरन्तर रुपमा पालना गर्दै जाने कुरामा बैंक प्रतिबद्ध छ । संचालन जोखिम लगायत अन्य सम्पूर्ण प्रकारका जोखिमहरु न्युनीकरण गर्नका लागि छुट्टै सम्बन्धित विभागहरु बैंकले स्थापना गरेको छ । विभिन्न आन्तरिक नीति, नियम तथा निर्देशिकाहरु जारी गरी त्यसको कडा पालनाको लागि कार्यान्वयन विभाग क्रियाशिल रहेको छ ।

### ७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी हुनेछु, म यो उद्घोषण गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई लगानी गर्ने सम्बन्धमा निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।